# शैल्यशिखर नगरपालिकाको तेस्रो नगरसभामा नगर उपप्रमुख श्री राजमती बम (पाल)ज्यू द्वारा प्रस्तुत आ.व. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम

यस ऐतिहासिक तेस्रो नगरसभाका सभाध्यक्ष ज्यू तथा उपस्थित सदस्यज्यूहरू,
२०७३ फागुन २७ गते स्थापना भएको यस नगरपालिकामा जनताको अमूल्य मत पाई लोकतान्त्रिक अभ्यास मार्फत प्रतिनिधि चुनिई एक वर्ष वितिसकेको सन्दर्भमा म सम्पूर्ण जनप्रतिनिधिहरूमा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

आजको यस पावन घडीमा जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने क्रममा विभिन्न कालखण्डमा शाहदत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस गरिमामय सभामा शैल्यशिखर नगरपालिकाको नगर उपप्रमुखका हैसियतले शैल्यशिखर नगरपालिकाको आ.ब. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान जारी भई तीनवटै सरकारका चुनाव सम्पन्न भएका छन् । संविधानको मर्म अनुरुप राज्यको पुनसंरचना भई साविकका स्थानीय निकायहरू स्थानीय तहमा परिणत भइसकेका छन् । करीब बीस वर्षपछि नयाँ संरचनामा स्थानीय निर्वाचन सम्पन्न भएको छ । संघीय संरचना अनुसार जनताको नजिकको सरकार अर्थात् स्थानीय सरकारको रुपमा हामी काम गर्दैछौं ।

नेपालको संविधानले स्थानीय तहको लागि बाइस प्रकारका एकल अधिकार र पन्ध्र प्रकारका साझा अधिकारका सूची निर्धारण गरेको छ । निर्धारित सूचीको अधीनमा रही स्थानीय तहले कानून बनाई सोको कार्यान्वायन मार्फत स्थानीय स्तरमा विकास र समृद्धिको बाटो तय गर्नु प्रत्येक स्थानीय तहको साझा कार्यभार बनेको छ । स्थानीय तहमा अधिकार र जिम्मेवारी मात्र नभई श्रोत साधन र जनशक्ति समेत हस्तान्तरण भई स्थानीय सरकारको कार्यक्षमता र कार्यसम्पादनस्तर अभिवृद्धि गर्ने प्रक्रिया शुरु भइसकेको छ । स्थानीय तह शासन सञ्चालन ऐन निर्माण नहुँदा सम्म जनप्रतिनिधिलाई काम गर्न अन्यौलताको अवस्थालाई लगाउन २०७४/०६/२९ मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार शैल्यशिखर नगरपालिकाको तेस्रो नगरसभामा आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७५/०७६ मा यस नगर क्षेत्रको विकासका लागि अवलम्बन गरिने नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. मूलभूत नीतिहरू :-

- स्थानीय तहको लागि संविधानले व्यवस्था गरेका अधिकारका सूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अर्न्तगत रही आवश्यक कानून बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- योजना छनौट गर्दा वस्ती स्तरबाटै सहभागितामूलक पद्धतिद्वारा सवैलाई सरिक गराई योजना छनौट गर्ने र वडा समितिबाट प्राथमिकीकरण गरी योजना छनौट गर्ने नीति लिईएको छ । साथै छुट हुन गएका योजनाहरूलाई समेत न.पा. बाट कार्यान्वयनमा ल्याउन सकिनेछ ।
- यस नगरपालिकाले चालु आ.व.देखि ग्रामीण विद्युतीकरण र सडक सञ्जाल विस्तार गर्ने कार्यलाई तीब्रता दिइनेछ ।
- योजना कार्यान्वयन गर्दा योजनाहरू उपभोक्ता समिति र ठेक्का द्वारा कार्यान्वयन गर्ने नीति लिईएको छ ।
- स्थानीय आवश्यकता पहिचान गरी सोका लागि श्रोत साधन जुटाई बढी भन्दा बढी आवश्यकताको परिपूर्ति गर्ने जिम्मेवारी हामीमा आईपरेको छ जस अनुसार वस्ती स्तर वाटै आएका योजनाहरू विषयगत क्षेत्र हुदै बजेट तथा कार्यकम तर्जुमा समिति वाट वाँडफाँड गर्ने नीति लिईएको छ ।

- वस्ती स्तरबाट छुट हुन आएका योजनाहरु नगरपालिकाबाट समावेश गर्न सकिने निर्णय लिएको छ ।
- यस नगर भित्रका शिक्षा, स्वास्थ्य र आवश्यकताको आधारमा कृषी तथा भेटनरी GTA को प्राविधिक व्यवस्था गर्न निर्णय लिएको छ ।
- न्यायिक समिति सचिवालय गठन गरि न्यायिक समितिलाई गतिशील बनाइनेछ ।
- महिला, बालबालिका, दलित, अपांग ,एकल महिला आदि विशेष लक्षित वर्ग लाई विकासको मूलधारमा ल्याई ती समुदायलाई विकासमा सहभागी गराउने नीति लिइने छ ।
- नगरपालिकाको आन्तरिक आम्दानी बढाउने र परिचालन गर्ने कामका लागि नगरपालिकाका कर्मचारीको क्षमता अभिवृद्धि गरिने छ ।
- नगरपालिकाका दुर्गम क्षेत्रमा आवश्यकताका आधारमा नगर स्वास्थ्य केन्द्र तथा खोप केन्द्रस्थापना गर्न बजेट विनियोजन गरिनेछ ।
- शिक्षाको गुणात्मक विकासका लागि बजेट विनियोजन गरिनेछ ।
- उत्कृष्ट कृषकहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- अनाथ तथा टुहुरा बालबालिकालाई उचित तवरले संरक्षण गरिने नीति लिइनेछ ।
- शैल्यशिखर नगर विकास गुरुयोजना तयार गरिनेछ ।
- शैल्यशिखर उद्यम विकास रणनीतिक योजना बनाई कार्यक्रम लागू गरिनेछ ।
- हाम्रो शैल्यशिखर नामक Mobile Application तयार गरिनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।
- मठ मन्दिर जस्ता साँस्कृतिक सम्पदाहरूको संरक्षणको लागि विशेष जोड दिइनेछ ।
- नगरपालिका तथा नगर सभाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक कार्य गरिने छ ।
- वडा कार्यालयमा काम गर्ने कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक कार्य गरिने छ ।
- नगरपालिका क्षेत्रमा रहेका सरकारी पर्ति जग्गाको विवरण राख्ने त्यसको संरक्षण तथा सम्बर्धन गरिने छ ।
- नगरक्षेत्रमा रहेका व्यवसायीहरूको अभिलेख राखी तिनीहरूलाई करको दायरामा ल्याईने छ ।
- कर शिक्षा अभियान लाई घर दैलोमा पुऱ्याउने कामका लागि वडा समिति, सामाजिक परिचालक एवं सरोकारवालाई लाई परिचालन गरिने छ ।
- २०७५/०४/०१ देखि एकीकृत सम्पत्ति कर प्रणली लागू गरिने छ ।
- राजश्व परामर्श समितिले सिफारिस गरेका करका दरहरूलाई  गरी लागू गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता वितराण पारदर्शी बनाउन सरल एवम् वैज्ञानिक बनाउने नीति लिइने छ ।
- वातावरण मैत्री,अपाङ्गमैत्री,बालमैत्री तथा बृद्धबृद्धा मैत्री स्थानीय शासन को नीति लिईने छ ।
- दीर्घकालिन पूर्वाधारका संरचना निमार्ण गर्न सम्बन्धित निकायसँग पहल गरिने छ ।
- उत्कृष्ट काम गर्ने कर्मचारी, उपभोक्ता समिति, गैह्र सरकारी संस्था लाई पुरस्कृत गरिने नीति लिईएको छ ।
- शिक्षा, स्वास्थ्य, यातायात, कृषि, उद्योग आदि क्षेत्र संग नगरपालिकाको हित अनुकुल सार्वजनीक निजी साझेदारी (PPP मा काम गरिने नीति लिईएको छ ।
- राज्यका तीन खम्बे अर्थ नीति निजी, सरकारी र सहकारीको सिद्धान्तलाई अवलम्बन गरी काम गरिने छ ।
- विभिन्न कोषहरूको कार्यविधि बनाई लागू गरिने नीति लिईएको छ ।
- योजना संचालन गर्दा वातावरण मैत्री नीति लिईएको छ । बालश्रमको दरुपयोग नहुने गरी योजना संचालन गर्ने भनी सम्झौता गरी कार्य गरिने नीति लिईएको छ ।
- जनतालाई प्रत्यक्ष फाईदा हुने, तत्काल प्रतिफल मिल्ने, रोजगारीको अवसर सृजना हुने खालका योजना लाई प्राथमिकता दिईने छ ।
- वालमैत्री स्थानीय शासन (CFLG), वातावरण मैत्री स्थानीय शासन (EFLG) ले निर्धारण गरेका उद्देश्य हासिल गर्न तदारुकता का साथ काम गरिने छ ।

- नगरभित्रका धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्ने एवं विभिन्न समुदायको संस्कृतिको संरक्षण, सम्वर्द्धन गर्ने, धार्मिक पर्यटन लाई बढावा दिने तथा धार्मिक पर्यटकीय स्थलको Documentary तयार गरी प्रसारण गर्ने कार्य गरिनेछ ।
- ऐतिहासिक महत्वका क्षेत्रहरु पहिचान गरी मालिकार्जुन पोडी त्रिवेणी धाम गोकुलेश्वरलाई धार्मिक तिर्थ स्थलको रुपमा विकास गरिनेछ ।
- लक्षित वर्गका कार्यक्रम संचालन गर्दा वढीभन्दा वढी लक्षित वर्ग नै लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।
- खानेपानी समस्याको दीर्घकालीन समाधान गर्न खानेपानीका मूलहरू संरक्षण गर्ने र खानेपानी आयोजना सञ्चालन गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ ।
- गरिब तथा विपन्न वर्गको आयस्तर बृद्धि गर्न पशुपालन, माहुरीपालन तथा तरकारी खेतीमा विशेष जोड दिइने छ ।
- नगरपालिकाको बस्तुस्थिति, संभावना तथा अन्य विवरण समावेश गरी निर्धारित ढाँचामा नगर पार्श्व चित्र तयार गरिने छ ।
- नगर क्षेत्रभित्र फलफूल खेती तथा जडीबुटी खेतीको लागि संभाव्यता अध्ययन  गरिनेछ
- नगर क्षेत्रमा कम्तीमा पनि एउटा दुग्ध चिस्यान केन्द्र स्थापना गरिनेछ, र सित भण्डारको व्यवस्था गरिनेछ ।
- चौलानी नदीले गरिरहेको कटान, विभिन्न भौगोलिक क्षेत्रमा वर्षातको समयमा हुने गरेको भू-क्षय रोकथाम तथा विभिन्न समयमा हुने दैवी प्रकोपहरूबाट आउने समस्याहरूलाई न्युनीकरण गर्न कोष स्थापना गरी कार्यविधि बनाइ लागू गरिनेछ ।

२ अन्य नीतिहरू :-

- उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा कम्तीमा बीस प्रतिशत जनश्रमदान अनिवार्य गर्नुपर्ने नीति लागु गरिनेछ ।
- उपभोक्ता समतिबाट निर्माण गरिने कार्यको १५%सम्म धरौटी अनिवार्य गरिनेछ र होडिङ बोर्डको व्यवस्था गरिनेछ ।
- वडा कार्यालयलाई सेवा प्रवाहको केन्द्रको रुपमा विकसित गरिनेछ ।
- सेवाग्राहीका गुनासा तथा उजुरीलाई पहिलो प्राथमिकतामा राखी सम्बोधन गरिनेछ ।
- सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसँग आवद्ध गरिदै लगिनेछ ।
- नगरपालिकाका नौ बटै वडाहरूमा युवाहरूका लागि सीपमूलक तालिम संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र खेल मैदानको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च राख्दै कामप्रति पूर्ण जिम्मेवार र जवाफदेही हुने व्यवस्था मिलाइने छ ।
- विषयगत शाखाका कार्यक्रम कार्यान्वायनमा प्रभावकारीता ल्याउन आवश्यक पहल गरिने छ ।
- विकास आयोजना तर्जुमा, कार्यान्वायन र लाभ बाँडफाँडमा अत्याधिक जनसहभागिता जुटाइने छ ।
- नगरपालिकाबाट सञ्चालित ठूला तथा साना विकास आयोजना तथा कार्यक्रमलाई नतिजामा आधारित बनाउन सघन अनुगमन कार्यको थालनी गरिने छ ।
- हरेक वडामा एक नमुना योजना छनौट गरी प्राथमिकताका साथ कार्यान्वायन गर्ने परिपाटीको थालनी गरिने छ ।
- सामाजिक परिचालन मार्फत लक्षित वर्गको सशक्तीकरण, उत्थान र विकासलाई जोड दिइनेछ ।
- लक्षित वर्गको माग सम्बोधन हुने गरी विकास आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनताको जीवनस्तर, आम्दानी र रोजगार प्रवर्द्धनमा सहयोग पुग्ने कार्यक्रम छनोट गरिने छ ।

- युवालाई सधैं सक्रिय र उर्जाशील राखी कुलत, दुर्व्यसन र सामाजिक कुरीति विरोधी अभियानमा परिचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन र वातावरणीय सरसफाइ कार्यलाई कामकाजी प्रकृतिबाट नतिजामूलक कार्य तर्फ रुपान्तरण गरिने छ ।
- विकास प्रशासनमा सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण जस्ता औजारको प्रयोग गरिने छ ।
- नगरपालिकाका नयाँ स्थापना भएका वडा एवम् सेवा केन्द्र नभएका (वडा नं.२,३,५,६र ७) मा कृषि र पशु सेवा केन्द्र स्थापना गरिनेछ ।
- वडा नं. २,३,५ र ६ का कार्यालय भवन बनाउन रकम विनियोजन गरिनेछ ।
- कार्यालय सञ्चालनमा मितव्ययितता अपनाइने छ ।
- नगरको समग्र विकासको लागि एकीकृत आवधिक योजना तर्जुमा गरी प्राथमिकताका क्षेत्रमा लगानी वृद्धि गरिनेछ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण र संबर्द्धन  गर्ने नीति लिइने छ ।
- नगरको आर्थिक सामाजिक विकास र समृद्धिको लागि नगर स्तरीय राजनैतिक दल, करदाता, समाजसेवी, बुद्धिजीवी, नागरिक समाज लगायत आम सरोकारवालाको सल्लाह र सुझाव लिइनेछ ।
- बस्तु तथा सेवा खरिद गर्दा स्थानीय स्तरमा उपलब्ध बस्तु तथा सेवालाई प्राथमिकता दिइनेछ ।

३. <u>क्षेत्रगत नीति तथा कार्यक्रम</u> :-

**क) शहरी ढाँचा तथा पूर्वाधार विकास :**

- E-Bidding प्रणालीलाई अबलम्बन गरिनेछ ।
- बाल उद्यान, पार्क, भ्यू टावर, Picnic Spot, जस्ता रमणीय स्थलको निर्माणको लागि संभाव्यता अध्ययन कार्य गरिनेछ ।
- नगर क्षेत्र भित्र निर्माण गरिने सरकारी भवन तथा संरचनाहरूको नक्सापास अनिवार्य गर्न तथा वालमैत्री, फरक क्षमता भएका व्यक्तिमैत्री, वातावरण मैत्री भवन निर्माण गर्न आवश्यक सहयोगका लागि जिल्ला प्रशासन कार्यालय र शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयसँग समन्वय गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र नगरपालिका घोषणा हुनुपूर्व, घोषणा पश्चात्, नक्शापास लागू हुनुपूर्व र नक्शापास लागू पश्चात् निर्माण भएका सरकारी तथा गैरसरकारी भवन, मठ मन्दिर, निजी भवनहरूमा आवश्यक मापदण्ड तयार गरी सम्पूर्ण भवनहरूलाई नक्शापासको दायरामा ल्याउने र लगत संकलन गर्ने कार्यलाई तिव्रता दिइनेछ ।
- नयाँ भवन निर्माण, तला थप जस्ता कार्यहरू गर्दा नगरपालिकाको पूर्व स्वीकृती लिएर निर्माण गर्ने सोचको विकास गर्न कडाइका साथ कार्यान्वयन गरिनेछ ।

**ख) कृषि, वन, वातावरण, तथा सरसफाई :**

- विषादियुक्त कृषि उत्पादनलाई निरुत्साहित गर्दै आर्गनिक व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिइनेछ ।
- शीत भण्डारको स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- वडा नं. ३ लाई माहुरी पालन नमूना गाउँको रुपमा विकास गरिनेछ ।
- कृषि उपज संकलन केन्द्र एवं मलखाद डिपो निमार्ण गर्न आवश्यक पहल गरिने छ ।
- एकघर एक करेसाबारीको नीति लिइनेछ ।
- किसानको उत्पादनलाई सिधै उपभोक्ता सम्म पुर्‍याउन हाट बजार सञ्चालन गरिने छ ।

- खाली जग्गामा खेती गर्नुपर्ने वा वृक्षारोपण गर्नुपर्ने व्यवस्था कार्यान्वायनमा जोड दिइनेछ ।
- मठ, मन्दिर, लगायतका धार्मिक तथा आध्यात्मिक क्षेत्र वरपर धार्मिक महत्वका रुख विरुवा लगाउन प्रोत्साहन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेको वन संरक्षण, वनक्षेत्रसँग सम्बन्धित आयआर्जनका कृयाकलाप सञ्चालन गर्न तथा सडक वरपर वृक्षारोपण गर्न जिल्ला वन कार्यालयसँग आवश्यक सहकार्य गरिनेछ ।
- फोहोरमैलालाई स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गर्न व्यापक जनचेतना जगाउने तथा प्रचारप्रसार गरिने छ ।
- फोहोरमैलाको अन्तिम विसर्जन स्थल अर्थात ल्यान्डफिल साइटको निर्माणको लागि जग्गा खोजी गर्न यसै आर्थिक वर्ष देखि सुरु गरिने छ ।
- सहकारी खेती प्रणालीलाई प्राथमिकता दिइने छ ।

### ग) सामाजिक क्षेत्र विकासः

- विद्यालयमा शिक्षक र विद्यार्थीको नियमितता बढाइ सिकाई उपलब्धिमा सुधार गरिनेछ ।
- विद्यालयको भौतिक पक्ष सुदृढ गरिनेछ ।
- शिक्षण सिकाइमा ICT को उपयोग गरिनेछ ।
- नगर स्तरीय प्रतिभा पहिचानलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालयमा शत प्रतिशत विद्यार्थी भर्ना तथा साक्षरता घोषणा भइसकेका वडाहरूमा साक्षोत्तर एवम् निरन्तर शिक्षा कार्यक्रममा जोड दिइनेछ ।
- कक्षा १ देखि नै अंग्रेजी माध्यमद्वारा अध्यापन गर्नका प्रस्ताव गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- समुदायस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र सेवा प्रवर्द्धनमा जोड दिइनेछ ।
- कुपोषणको कारण शारिरीक तथा मानसिक विकासमा कठिनाई हुने हुँदा कुपोषण तथा न्यून पोषणको समस्या समाधान गर्न उचित पहल गरिनेछ ।
- टोल विकास संस्था गठन गरी आयआर्जन वृद्धि एवम् क्षमता विकास मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय रुपमा सहभागी गराइनेछ ।
- नगर शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिहरूलाई थप सक्रिय वनाइनेछ ।
- नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत NGO Desk स्थापना गरी क्रियाशील बनाइनेछ । नगरक्षेत्रको दिगो विकास गर्न सरकारी तथा गैर सरकारी संघ संस्था, विकास साझेदार निकाय र निजी क्षेत्रसँग सहकार्य गरिने छ ।
- स्वास्थ्य सेवामा सबैको पहुँच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराइनुको साथै पोषणयुक्त आहारको बारेमा जनचेतना बढाइने छ ।
- MMR, IMR, नवजात र बालमृत्यु ,मातृमृत्युदर घटाउन आवश्यक कार्यक्रमहरू लागु गरिनेछन् ।
- नसर्ने रोग र सर्ने रोगबारे जनचेतना अभिवृद्धि गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य क्षेत्रलाई उपलब्धिमूलक बनाउन प्रतिकारात्मक सेवा, प्रवर्द्धनात्मक,र उपचारात्मक सेवा सुदृढ गरिनेछ ।
- पूर्ण खोप सुनिश्चित तथा दिगोपना, स्वास्थ्य शिक्षा सामग्री उत्पादन तथा बिक्री वितरण,Broad Casting, ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य संस्था स्थापना र निरन्तरता दिइनेछ ।

उल्लिखित लक्ष्य हासिल गर्न देहायका कार्यत्रमहरू संचालन गरिनेछन् ।

- बाल स्वास्थ्य
- परिवार स्वास्थ्य
- रोग नियन्त्रण
- म.स्वा.स्व.से. कार्यक्रम
- स्वास्थ्य शिक्षा
- सामाजिक सुरक्षा
- निशुल्क औषधी वितरण
- महामारी नियन्त्रण
- नगर सरसफाई तथा वातावरणीय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

**घ) लक्षित वर्ग विकास कार्यक्रम :**

- ➢ लक्षित समूह विकास कार्यक्रमलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- ➢ महिला, आदिवासी जनजाती, दलित लगायत अन्य आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्ग समुदायको माग बमोजिम छनोट भएका विकास आयोजना तथा कार्यक्रम कार्यान्वायनमा उनीहरूलाई नै सहभागिता गराइने छ ।
- ➢ जिल्ला स्वास्थ्य कार्यालयसँग समन्वय गरी सबै वडाका महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिने छ ।
- ➢ बालबालिकाको जन्मदर्ता लगायत अन्य व्यक्तिगत घटना दर्ता कार्यलाई Online प्रविधिको माध्यमबाट सञ्चालन गरी तथा अन्य बालमैत्री सूचकको लक्ष्य हासिल गरी नगरपालिकालाई बालमैत्री  घोषणा गर्ने आधार तयार गरिने छ ।
- ➢ विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिहरूमा आमन्त्रीत सदस्यको रुपमा बाल क्लवको सदस्यहरूलाई राखी बालबालिकाको निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागीताका लागि आवश्यक पहल गरिनेछ ।
- ➢ लागु औषधी दुर्व्यसन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ➢ स्वास्थ्य संस्थामा रहेका प्रसूति गृहहरूको स्तरोन्नति गरिने छ ।

**ङ) संगठन तथा प्रशासन :**

- ➢ नगरपालिकामा कार्यरत कर्मचारीको कार्यविवरण परिमार्जन गरी कार्य विवरण तथा मूल्यांकन सूचकको आधारमा वार्षिक रुपमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई नगद सहित पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- ➢ अटेरी, अनुशासनहीन र लापरवाहीपूर्वक कार्यसम्पादन गर्ने कर्मचारीलाई कडाइका साथ कानून बमोजिम दण्डित गरिनेछ ।
- ➢ कर्मचारीको समयानुकुल आधुनिक प्रविधिमा दक्षता अभिवृद्धि गर्न र सकारात्मक सोचको विकास गर्न विभिन्न तालिमहरू प्रदान गरिनेछ ।
- ➢ कार्यालयको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- ➢ नगदमा आधारित लेखा प्रणालीलाई क्रमशः प्रोद्भावी लेखा प्रणालीमा रुपान्तरण गर्दै लगिनेछ ।

- नगरपालिकाका एवं विषयगत कार्यालयबाट हस्तान्तरण भै आएका भौतिक तथा अभौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरिने छ, सामान्य मर्मत संभार गरी सञ्चालनमा आउन सक्ने उपकरण तथा सामाग्रीको मर्मत गरी चालु अवस्थामा राखिने छ भने काम नलाग्ने सामाग्री नियमानुसार लिलाम विक्रि गरिनेछ ।
- कार्यालयका हरेक शाखाहरूलाई उपलब्ध स्रोत साधनका आधारमा व्यवस्थित गर्दै लगिनेछ ।

**च) शहरी सुशासन :**

- नगरका मुख्य स्थानहरुमा को उपयोगबाट सेवाग्राही र कर्मचारीहरुका गतिविधि नियालिनेछ ।
- नगर क्षेत्रको शहरी सुशासनमा प्रभावकारीता ल्याउन सडक क्षेत्रमा अवरोध पुग्ने गरी राखिएका पसल एवं निर्माण सामाग्री नियन्त्रणमा लिने कार्यलाई कडाईका साथ अगाडी बढाइनेछ ।
- बजार क्षेत्रमा सञ्चालित पसलको नियमित अनुगमन गरी जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने किसिमका क्रियाकलाप नियन्त्रण गरिनेछ ।
- सार्वजनिक खरिदलाई थप पारदर्शी बनाउने पद्धतिको अवलम्वन गरिनेछ ।
- नगर विकास सम्बन्धी क्रियाकलाप, सूचना तथा जानकारीहरूलाई वेभसाइट र सामाजिक संजाल मार्फत सार्वजनिक गर्न आवश्यक पहल गरिनेछ ।
- सेवाग्राहीमा सुशासनको प्रत्याभूति दिलाउन नागरिक वडापत्रमा समय सापेक्ष परिवर्तन गरी सोका आधारमा सेवा प्रवाह गरिनेछ ।
- नगरपालिकाका गतिविधिबारे जानकारी गराउन नियमित पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिनेछ ।
- Land Pooling को संभाव्यता अध्ययन गर्न पहल गरिनेछ ।
- बाटोको न्यूनतम मापदण्ड भएका बाटोहरूको निर्माण गर्न प्राथमिकता दिइनेछ ।

**छ) राजश्व सुदृढीकरण :**

- नगरको आन्तरिक आय वृद्धि गर्न राजश्व, कर, जरिवानालाई कडाइका साथ लागू गरिनेछ ।
- नगरको राजश्वका सम्भावनाको खोजी तथा पहिचान गरी स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको उच्चतम प्रयोगमार्फत नगरको समृद्धीको लागि राजश्व सम्भाव्यता अध्ययन गरिनेछ ।
- प्रविधिको प्रयोग बाट राजश्व चुहावटलाई नियन्त्रण गरिने छ ।
- आन्तरिक आय अभिवृद्धि गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने करदाताहरूमध्ये बाट छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहले संकलन गर्ने करका क्षेत्र पहिचान गरी करको दायरा वृद्धि गर्दै लगिनेछ ।

**ज) युवा, खेलकुद र पर्यटन :**

- विद्यालय स्तरीय नगर खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- नगरक्षेत्र भित्र संभाव्यता अध्ययन गरी खेलमैदान निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- खेलकुद क्षेत्रका अन्य पूर्वाधार विकासका लागि समन्वयनकारी भूमिका निर्वाह गरिनेछ ।
- युवालाई कला, संस्कृतिको जगेर्ना तथा साहित्य रचनामा आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगरपालिकाको सदरमुकाममा उपयुक्त खेल मैदान र प्यारापिट निर्माण गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक महत्वका सम्पदाहरूको संरक्षण, विकास र प्रचारप्रसार गरी पर्यटन प्रवाहलाई वृद्धि गर्न आवश्यक पहल गरिनेछ ।
- नगरस्तरीय खेलकुद विकास समिति गठन गर्न पहल गरिनेछ ।
- गोकुलेश्वर मोटरपुल देखि जगतपुरी क्षेत्रको चौलानी नदी किनारमा मालिकार्जुन पौंडी निर्माण गरिनेछ ।
- नगरपालिका भित्र रहेको गोकुलेश्वर बजारमा एक मनोरन्जन पार्क स्थापना गरिनेछ ।

**झ) उद्योग तथा रोजगारी :**

- कृषि, पशु, सहकारी जस्ता आर्थिक विकासका सम्भाव्य क्षेत्रमा लगानी बढाउदै जाने एक कृषक एक उत्पादन नीति अवलम्वन गरिनेछ ।
- सहकारी तथा सामुदायिक संस्थाको अग्रसरतामा घरेलु तथा साना उद्योगको विकास र परम्परागत पेशाको व्यवसायिकता मार्फत स्वरोजगार प्रवर्द्धनमा जोड दिइनेछ ।
- वडाबाट माग भइ आएका आयमूलक कार्यक्रमको कार्यान्वायनलाई नतिजामा आधारित बनाउन अनुगमन कार्यलाई तिव्र पारिनेछ ।
- नगर उघोग वाणिज्य संघ गठन गर्न पहल गरिनेछ ।
- अन्तर नगर समन्वय समिति गठन गर्न पहल गरिनेछ ।
- उद्यम विकास रणनीतिहरू कार्यान्वयन गरिनेछ ।
- यस नगरपालिकाको गोकुलेश्वरमा स्थानीय स्तरमा उत्पादन उपलब्ध सामाग्रीको प्रदर्शन गृह स्थापना गरिनेछ ।

अन्तमा यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध सबै पक्षहरूको साथ, सहयोग, सुझाव, सल्लाह र सहभागिताको हार्दिक अपेक्षा गर्दै सभाध्यक्ष ज्यूको अनुमतिले आ.व. ०७५/०७६ को यो नीति तथा कार्यक्रम स्वीकृतीका लागि टेबुल गर्न अनुरोध गर्दछु ।

धन्यवाद ।